राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# संरक्षण समाचार

बर्ष- ३७ अंक ३ चैत्र २०७५-असार २०७६



## यस अंक


- वन्यजन्तु सप्ताह २०७६ विविध कार्यक्रम गरी सम्पन्न
- विश्व वातावरण दिवश सम्पन्न
- वन्यजन्तु अपराध नियन्त्रण ब्यूरोको प्रथम राष्ट्रिय कार्यशाला गोष्ठी काठमाडौंमा सम्पन्न
- अपीनाम्पा संरक्षण क्षेत्रमा पहिलोपटक सामुहिक दुर्घटना विमा
- संरक्षित क्षेत्रहरूमा पर्यटक
- दोलखाको लप्चीमा पहिलोपटक हिउँ चितुवा फेला
- अन्तर्राष्ट्रिय जैविक विविधता दिवश सम्पन्न
- कोशीटप्पु वन्यजन्तु आरक्षमा हात्तीको छावाको जन्म
- शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाह्रसिंङ्गा तथा निलगाई गणना
- संरक्षित क्षेत्रमा वन्यजन्तुको मृत्यु

# वन्यजन्तु सप्ताह २०७६ विविध कार्यक्रम गरी सम्पन्न




**"वन्यजन्तु संरक्षणका लागि सहकार्य"** भन्ने मूलनाराका साथ २४ औं वन्यजन्तु सप्ताह, १ देखि ७ वैशाख २०७६ सम्म वन्यजन्तु र जैविक विविधताको संरक्षणमा व्यापक जनचेतना अभिवृद्धि गर्ने मुल उद्देश्यका साथ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र यस अन्तर्गतका रहेका सबै संरक्षित क्षेत्रहरुमा सप्ताहव्यापी रुपमा विविध कार्यक्रम गरी सम्पन्न भयो ।

केन्द्रीयस्तरमा वन्यजन्तु सप्ताह विविध कार्यक्रम गरि मनाउने सन्दर्भमा २०७६ साल वैशाख १ गते मा. वन तथा वातावरण मन्त्री शक्ति बहादुर वस्नेतले देशवाशीलाई सम्बोधन गर्नु भएको रेडिया सन्देश विहान रेडियो नेपालबाट प्रसारण गरिएको थियो भने सोही विहान राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक मन बहादुर खड्काले वन परिसर बबरमहलमा रहेको होडिङ्गबोर्डमा २४ औं वन्यजन्तु सप्ताहको व्यानर उदघाटन गर्नु भयो । त्यसै गरि २ गते सदर चिडियाखा जावलाखेलमा विद्यार्थीहरु वीच वन्यजन्तु सम्बन्धी कोल्याज (Collage) प्रतियोगिता, ३ गते माईतीघर मण्डलामा चित्रकला प्रतियोगिता र एम्बिसन एकेडेमीमा वरिष्ठ कविहरुद्वारा वन्यजन्तु संरक्षण सम्बन्धी कविता वाचन, ४ गते राष्ट्रिय प्राणी उद्यान भक्तपुरमा चरा अवलोकन र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा ओंत संरक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम, ५ गते राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा ठूला संरचना निर्माण र वन्यजन्तु संरक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम, ६ गते पाटन दरवार स्क्वायरमा सम्पदा सरसफाई र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा ४ वटा विषयमा अनुसन्धान प्रतिवेदन प्रस्तुती तथा अन्तरक्रिया र ७ गते वन्यजन्तु सप्ताहको अन्तिम दिन राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. कृष्णप्रसाद ओलीज्यूको प्रमुख आतिथ्यमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प्राङ्गण, बबरमहलमा विशेष कार्यत्रम गरी समापन गरियो ।

वन्यजन्तु सप्ताहको समापन समारोहमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक श्री गोपाल प्रकाश भट्टराईले कार्यक्रमका प्रमुख अतिथि लगायत सम्पूर्ण महानुभावहरुलाई कार्यक्रममा स्वागत गर्दै स्वागत मन्तब्य राख्नु भयो । सो कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि, राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. कृष्णप्रसाद ओलीज्यूले लामटाङ्ग राष्ट्रिय निकुञ्जका चराहरु, बर्दिया राष्ट्रिय निकुञ्जको चराहरु, अपिनाम्पा संरक्षण क्षेत्रको जैविक विविधता (Biodiversity) प्रोफाइल र बाबुराम यादव तथा नारायण रुपाखेतीद्वारा लिखित नेपालका संरक्षित क्षेत्रमा जैविक विविधता संरक्षण तथा व्यवस्थापन पुस्तक विमोचन गर्नु भएको थियो । कार्यक्रममा एम्बिसन एकेडेमीका विद्यार्थीद्वारा संरक्षण सम्बन्धी नाटक प्रस्तुत गरिएको थियो ।




वन्यजन्तु सप्ताह २०७६ को समापन समारोहमा रु १०११०५ राशीको राष्ट्रिय वन्यजन्तु संरक्षण पुरस्कार २०७५ अनुसन्धनकर्ता/संरक्षणकर्मी प्रा. डा. मुकेश कुमार चालिसे र रु ५११०५ राशीको वन्यजन्तु संरक्षण पुरस्कार २०७५ भिमदत्त न.पा.-१६ का तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, मध्यवर्ती व्यवस्थापन समितिका अध्यक्ष श्री पुष्कर बहादुर सिंहलाई प्रदान गरिएको थियो । कार्यक्रममा वन्यजन्तु संरक्षणमा उत्कृष्ट कार्य गर्ने कर्मचारी, स्थानिय संरक्षणकर्मी र पत्रकार गरी १८ जनालाई नगद पुरस्कार र सम्मानपत्र सहित सम्मान गरिएको थियो । साथै वन्यजन्तु सप्ताहको अवसरमा आयोजित अन्तरमाध्यमिक विद्यालयस्तरीय चित्रकला र वन्यजन्तु कोल्याज (Collage) प्रतियोगिताका प्रथम, द्धितिय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने विद्यार्थीहरुलाई नगद पुरस्कार सहित प्रमाण पत्र वितरण गरियो । समापन कार्यक्रममा वन्यजन्तु सप्ताहमा विविध कार्यक्रम गरि सहयोग पुर्याउने एम्बिसन एकेडेमीलाई पनि सम्मान गरिएको थियो

कार्यक्रममा वन्यजन्तु मैत्री संरचनाको नमुना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री मन बहादुर खड्काले सडक विभागका महानिर्देशक लाई हस्तान्तरण गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. कृष्णप्रसाद आलीले नेपालले संरक्षण कार्य हासिल गरेको प्रगतिको खुलेर प्रसंशा गर्नु भयो । बाघ, गैंडा,हात्ती लगायतका ठुला जनावारको संख्या बढ्नु चोरी शिकारमा कमि आउनु, मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण गर्दै स्थानिय मानिसहरुको सहकार्यमा संरक्षण कार्यलाई अगाडि बढाउनु तथा सन् २०२२ सम्म बाघ पाईने राष्ट्रहरुले बाघको संख्या दुई गुना बनाउने लक्ष्यमा नेपाल लक्ष्य नजिक पुग्न लागेको बताउनु भयो । वहाँले नेपालले संरक्षणमा गरेको कार्य अन्तर्राष्ट्रिय स्तरमा समेत उदाहरणीय रहेको उल्लेख गर्नु भयो । कार्यक्रममा प्रमुख अतिथि मा. कृष्णप्रसाद आलीले पुरस्कृत तथा सम्मानित हुनु हुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिनु भयो । कार्यक्रममा नेपाल सरकारका पूर्व सचिव डा. स्वयम्भुमान अमात्य, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्व महानिर्देशक श्री विश्वनाथ उप्रेती, राष्ट्रिय वन्यजन्तु संरक्षण पुरस्कार २०७५ को लागि पुरस्कृत हुनु भएका प्रा.डा. मुकेश कुमार चालिसे र वन्यजन्तु सरक्षण पुरस्कार २०७५ को लागि पुरस्कृत हुनु शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, मध्यवर्ती व्यवस्थापन समितिका अध्यक्ष श्री पुस्कर बहादुर सिंहले मन्तव्य राख्नु भएको थियो ।

## हिउँ चितुवा संम्बन्धी जानकारी मुलक पुस्तक प्रकाशन




कञ्चनजंघा संरक्षण क्षेत्रमा सन् २०१३-२०१७ सम्म २ वटा भाले र २ वटा पोथी गरी जम्मा ४ वटा हिउँ चितुवामा सेटलाईट टेलिमेट्री (Satellite telemetry) जडान गरी अध्ययन गर्दा भएका प्रगति र सिकाईहरुको बारेमा अभिलेखिकरण गरी पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तक कञ्चनजंघा संरक्षण क्षेत्रका हिउँ चितुवाको विचरण क्षेत्र, आहार प्रजाति, अवस्था र सेटलाईट टेलिमेट्री (Satellite telemetry) बाट वन्यजन्तुको अध्ययन विधिका बारेमा अध्ययन अनुसन्धानकर्ताहरुलाई उपयोगी हुने विश्वास लिइएको छ ।

# विश्व वातावरण दिवस सम्पन्न




**'स्वच्छ वायु, स्वस्थ जीवन'** भन्ने नाराका साथ यस वर्ष जेष्ठ २२ गते (जुन ५) विश्व वातावरण दिवस विविध कार्यक्रम गरी मनाईयो ।

बाँकेको नेपालगञ्जमा आयोजित केन्द्रीयस्तरको कार्यक्रममा सम्मानीय राष्ट्रपति विद्यादेवि भण्डारीले मौसम परिवर्तन विश्वकै लागि चुनौती भएको भन्दै वातावरण संरक्षणमा जुट्न सबैलाई आग्रह गर्नुभएको छ । उहाँले दिगो वातावरण संरक्षणका लागि एकीकृत प्रयास आवश्यक रहेकोमा जोड दिनुभयो । सो अवसरमा आयोजित वातावरण संरक्षण तथा जलवायु परिवर्तन विषयक राष्ट्रिय कार्याशाला गोष्ठीको उद्घाटन गर्दै सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले स्वच्छ वातावरणमा बाँच्न पाउने मानिसको अधिकार सुनिश्चित गर्नका लागि सरकारले नै आवश्यक रणनीति तय गर्न आग्रह गर्नुभयो । सम्मानीय राष्ट्रपतिले प्रकृति र मानवबीच अभिन्न सम्बन्ध रहेको र प्राकृतिक वातावरण यथावत् राख्न वातावरण संरक्षणसम्बन्धी कार्यक्रम प्रभावकारी बनाउन सरकारले पहल गर्नु पर्नेमा जोड दिनु भयो । साथै जलवायुसम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीयस्तरसम्म सञ्चालन गर्नुपर्ने खाँचो औंल्याउनु भयो ।

कार्यक्रममा सम्मानीय राष्ट्रपतिले जलवायू परिवर्तनको कारण हामीले नगरेको अपराधको सजाय भोग्नु परेको विचार व्यक्त गर्नु भयो । आगामी पुस्ताका लागि अमूल्य र विशिष्ट जीवजन्तु तथा वनस्पति र वन क्षेत्रको संरक्षण एवं संवर्द्धन गर्दै सुन्दर भविष्य सुनिश्चित गर्न सम्माननीय राष्ट्रपतिले सबैमा अपिल गर्दै जलवायु परिवर्तनको प्रभाव वातावरणीय ह्रास विकास र वातावरणबीचको सन्तुलनलाई सम्बोधन गरी प्रत्यक्ष तथा स्वच्छ वातावरण सिर्जना गर्न हामी सबै गम्भीर भएर लाग्नु पर्नेमा जोड दिनु भयो ।

विश्व वातावरण दिवसको अवसरमा सम्माननीय राष्ट्रपतिले डिभिजन वन कार्यालय बाँकेको हाताभित्र आँपको बिरुवा रोप्नुभयो । सो अवसरमा उहाँले 'एक घर, एक बिरुवा' अभियानलाई सार्थक बनाउन आम नागरिकमा जनचेतना आवश्यक रहेको बताउनुभयो । सो अवसरमा संघीय वन तथा वातावरण मन्त्री मा. शक्तिबहादुर बस्नेत, प्रदेश मन्त्रीहरु, सङ्घीय तथा प्रदेशसभाका सांसद लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मा. वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतले विश्वको वातावरण सन्तुलन बनाई राख्न प्रत्येक व्यक्तिको सकारात्मक भूमिका हुनुपर्ने बताउनु भयो ।

विश्व वातावरण दिवसको अवसरमा वन तथा वातावरण मन्त्रालयको अगुवाईमा गरिएको प्रभातफेरी कार्यक्रममा नेपालगञ्ज बजारको परिक्रमा गरिएको थियो ।

# वन्यजन्तु अपराध नियन्त्रण व्यूरोको प्रथम राष्ट्रिय कार्यशाला गोष्ठी काठमाडौंमा सम्पन्न

केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण ईकाइको आयोजनामा जेष्ठ २८-२९, २०७६ मा काठमाडौंमा आयोजना गरेको प्रथम राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।




यस गोष्ठीको उद्घाटन शत्र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक एवं केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण ईकाइका संयोजक श्री मन बहादुर खड्काको अध्यक्षतामा, वन तथा वातावरण मन्त्री मा. शक्ति बहादुर बस्नेतको प्रमुख आतिथ्यतामा र डा. विश्वनाथ ओली सचिव वन तथा वातावरण मन्त्रालयको विशेष आतिथ्यतामा सम्पन्न भएको थियो ।

कार्यशालाको उद्घाटन प्रमुख अतिथि मा. मन्त्री शक्ति बहादुर बस्नेतज्यूले पानसमा दीप प्रज्वलन गरेर गर्नु भएको थियो । कार्यक्रममा वन्यजन्तु अपराध नियन्त्रण ईकाइका सदस्य-सचिव तथा उपमहानिर्देशक श्री गोपाल प्रकाश भट्टराईले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा वन तथा भू-संरक्षण विभागका उपमहानिर्देशक डा. राजेन्द्र के.सी. तथा सहयोगी संघसंस्थाको तर्फबाट डब्लु डब्लु एफ नेपालका वरिष्ठ निर्देशक श्री सन्तोषमणि नेपालले शुभकामना व्यक्त गर्नु भएको थियो । यसैगरि विशेष अतिथि डा. विश्वनाथ ओलीले वन्यजन्तु र वनस्पतीको चोरी शिकार नियन्त्रणलाई प्रभावकारी बनाउन पाँच वटा महत्वपूर्ण कुराहरुमा जोड दिनु भयो । वन्यजन्तु अपराध नियन्त्रणका लागि नीतिगत व्यवस्था, संस्थागत संरचना, आधुनिक र व्यवहारिक प्रविधि, कर्मचारीको



क्षमता र स्थानिय समुदायको सहभागिताबाट मात्रै वन्यजन्तु अपराध नियन्त्रण हुन सक्ने कुरा तर्फ इंगित गर्नु भयो ।

कार्यक्रमका प्रमुख अतिथि मा. वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतले वन्यजन्तुको पालन, प्रजनन्, मानव वन्यजन्तु द्वन्द्व, स्थानीय समुदायलाई वन्यजन्तुबाट पुर्‍याएको क्षति, राहतका सम्बन्धमा प्रकाश पार्नु भयो । वन्यजन्तु, संरक्षित क्षेत्र र वनको व्यवसायिक उपयोगिताबाट जनताको समृद्धि हुन सक्छ भन्ने कुरामा जोड दिनु भयो ।

उद्घाटन शत्रको समापनमा अध्यक्षता गरिरहनु भएका महानिर्देशक श्री मन बहादुर खड्काले वन्यजन्तु संरक्षण, अपराध नियन्त्रण र स्थानीय समुदायको हित एकैसाथ गर्नु अति आवश्यक रहेको कुरा औंल्याउनु भयो ।

यस कार्यक्रममा सहभागिका रुपमा २७ वटा जिल्ला स्तरीय वन्यजन्तु अपराध नियन्त्रण ईकाइका संयोजक एवं संरक्षित क्षेत्रका प्रमुख संरक्षण अधिकृत, डिभिजन वन अधिकृत र केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण ईकाइका सम्पर्क व्यक्ति (फोकल परसन) हरुको सहभागिता रहेको थियो ।

नेपालको संघीय संरचना र वन्यजन्तु अपराध नियन्त्रणमा डब्लु डब्लु एफ नेपालका वरिष्ठ निर्देशक श्री सन्तोषमणि नेपाल, सिमापार तथा क्षेत्रीय सहयोग र समन्वय विषयमा विभागका उपमहानिर्देशक डा. रामचन्द्र कँडेल र सावेनका वरिष्ठ वातावरण अधिकृत श्री प्रदिप भट्टराईले प्रस्तुती गर्नु भएको थियो ।

कार्यक्रममा पोखरा विश्वविद्यालयबाट वन्यजन्तु संरक्षण विषयमा स्नाकोत्तर तहमा शोधपत्र तयार पार्नु भएका डब्लु डब्लु एफ नेपालका वरिष्ठ व्यवस्थापक श्री माधव खड्काले नेपालमा वन्यजन्तु अपराधमा प्रयोग गरिने नाकाहरु विषयमा आफ्नो अध्ययनकाको निष्कर्ष प्रस्तुत गर्नु भएको थियो । त्यस्तै वन्यजन्तु अपराध नियन्त्रणमा नेपाल प्रहरीको समन्वय र सहकार्य विषयमा नेपाल प्रहरी केन्द्रीय अनुसन्धान व्यूरो पिलर नं. ४ का प्रहरी नायव उपरीक्षक श्री महेन्द्र खड्काले प्रस्तुती गर्नु भएको थियो ।

प्राविधिक शत्रमा वन्यजन्तु अपराध नियन्त्रण ईकाइ सञ्चालन मस्यौदा कार्यविधि र रिपोर्टिङ्ग प्रणाली सम्बन्धमा बाँके राष्ट्रिय निकुञ्ज कार्यालयका सहायक संरक्षण अधिकृत श्री विष्णु प्रसाद थपलियाले सहभागिहरुसँग छलफल गरि उनीहरुको राय सुझाव लिनु भएको थियो । प्राविधिक शत्रको सहजकर्ता राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्व महानिर्देशक श्री श्यामसुन्दर बजिमयले कार्यक्रमको समष्टिगत प्रस्तुती गर्नु भएको थियो भने नेपाल टाईगर ट्रष्टका संयोजक श्री प्रकाश श्रेष्ठले प्रतिवेदन तयार पार्नु भएको थियो ।

यस कार्यक्रमको समापन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक एवं केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण ईकाइका संयोजक श्री मन बहादुर खड्काले आगामी दिनमा वन्यजन्तु अपराध नियन्त्रणमा सबैको साथ र सहयोगको अपेक्षा गर्दै कार्यक्रममा उपस्थित महानुभावहरु तथा कार्यक्रम सफल रुपमा सम्पन्न गर्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिदै कार्यशालाको समापन गर्नु भएको थियो ।

## अपीनाम्पा संरक्षण क्षेत्रमा पहिलोपटक सामुहिक दुर्घटना विमा

यस वर्ष अपीनाम्पा संरक्षण क्षेत्र कार्यालयबाट पहिलो पटक यार्सागुम्बा संकलनको अनुमति लिने संकलनकर्ता १० जना, अनुगमन कार्यमा खटिने प्रहरी ४ जना, कर्मचारी ३ जना , अपीनाम्पा संरक्षण क्षेत्र व्यवस्थापन परिषदका पदाधिकारी २ जना र पत्रकार १ जना गरी जम्मा २० जनाको लागि प्रति व्यक्ति रु १०,००,००० को दरले ४५ दिनका लागि सामुहिक दुर्घटना विमा गरिएको थियो ।

यसै वर्ष यार्सा संकलनको क्रममा अपीहिमाल गाउँपालिका वडा नं. १ तालगाड डाँडा रोखापुमा नौगाड गाउँपालिका वडा नं. ४ बस्ने वर्ष १८ का शेरसिंह वोहराको मिति २०७६।२।२९ गते विहान १०:०० बजे भिरबाट लडेर मृत्यू भएको छ । साथै यार्सागुम्बा संकलन गर्न गएकी दुहु गाउँपालिका वडा नं. २ बस्ने गौमती वडालको मिति २०७६।३।१२ गते दिउँसो २:०० बजे भिरबाट लडेर घाइते हुनु भएको छ । दुवैको विमाको लागि आवश्यक प्रक्रिया अगाडी बढाईएको जानकारी अपीनाम्पा संरक्षण क्षेत्र कार्यालयले जनाएको छ ।

## संरक्षित क्षेत्रहरुमा पर्यटक

आ.व. ०७५/०७६ को जेष्ठ महिनासम्ममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत रहेका २० वटा संरक्षित क्षेत्रहरुमा आन्तरिक पर्यटक २,५२,९५४ जना र वाह्य पर्यटक ४,०९,९७६ जना गरी जम्मा ६,६२, ९३० जनाले संरक्षित क्षेत्रहरुको भ्रमण गरेका छन् । साथै यस अवधिमा विभाग र संरक्षित क्षेत्रहरुमा गरी जमा रु ६८,००,४३,२७७ राजश्व संकलन भएको छ ।

# दोलखाको लप्चीमा पहिलोपटक हिउँ चितुवा फेला

गौरीशंकर संरक्षण क्षेत्र कार्यालयले २०७५ साल असोज देखि २०७६ साल वैशाखसम्म क्यामरा ट्र्यापिङ् प्रविधिबाट गरेको अनुसन्धानबाट २०७५ साल कार्तिक २५ गते समुद्र सतहबाट ४०८७ मिटरको उचाईमा गौरीशंकर संरक्षण क्षेत्र अन्तर्गत विगु गाउँपालिका वडा नं. १ लप्चीमा पहिलो पटक हिउँ चितुवाका तीन वटा तस्विर रकर्ड गरिएको जानकारी विश्व वाततवरण दिवस २०१९ को अवसरमा पत्रकार सम्मेलन मार्फत गौरीशंकर संरक्षण क्षेत्र कार्यालयले जानकारी गराएको छ ।

विश्वमा हिउँ चितुवा मध्ये एशिया र हिमालय पर्वतिय क्षेत्रमा मात्र पाइन्छ । नेपालमा यसको संख्या ३०० देखि ४०० सम्म रहेको अनुमान गरिएको छ । गौरीशंकर संरक्षण क्षेत्रमा यसको संख्या ३ देखि ५ वटासम्म रहेको अनुमान गरिएको छ ।

# अन्तर्राष्ट्रिय जैविक विविधता दिवस सम्पन्न

अन्तर्राष्ट्रिय जैविक विविधता दिवस २२ मे तदनुसार जेष्ठ ८ गतेका दिन **"खाद्यान्न र स्वस्थ्य जीवनका लागि जैविक विविधता"** भन्ने नाराका साथ वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरुले जैविक विविधताको संरक्षणमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले नेपाल भरि विभिन्न कार्यक्रम गरि मनाइएको छ ।

वन तथा वातावरण मन्त्रालयले आयोजना गरेको कार्यक्रममा काठमाडौंको पेप्सीकोलास्थित मनोहरा खोला किनारमा वृक्षारोपण गरियो । सो कार्यक्रम माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतले चाँपको विरुवा रोपण गरि कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो । कार्यक्रममा वन तथा वातावरण मन्त्रालयका सचिव डा. विश्वनाथ ओली, महाशाखा प्रमुखहरू, कर्मचारीहरु, संरक्षणविद तथा स्थानीय महानुभावहरुले पनि वृक्षारोपण गर्नु भएको थियो ।

कार्यक्रममा मा. वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतले मानव जीवनको अस्थित्वका लागि जैविक विविधता संरक्षणको उच्च महत्व रहेको चर्चा गर्दै सरकार, सरोकारवाला र आम नागरिकको सहभागितामा यसको संरक्षण गर्नु पर्नेमा जोड दिनु भयो । जैविक विविधताको संरक्षण सरकार एक्लैबाट संभव नभएकोले यसको संरक्षणको लागि आम नागरिको साथ र सहयोग आवश्यक रहेको बताउनु भयो । जैविक विविधताको संरक्षणलाई प्राथमिक सूचीमा राखि आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा पर्याप्त ध्यान दिएको बताउनु भयो ।

सन् १९९२ मे २२ का दिन ब्राजिलको रिया दि जेनेरियोमा सम्पन्न पृथ्वी शिखर सम्मेलनले जैविक विविधता महासन्धि अगाडी बढाउने प्रस्ताव गरेको दिनको सम्झनामा सन् १९९४ देखि प्रत्येक वर्ष मे २२ लाई जैविक विविधता दिवसका रुपमा संसारभर मनाईदै आईएको छ ।

# संरक्षित क्षेत्रहरुमा वृत्तचित्र छायाङ्कन

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतका संरक्षित क्षेत्रहरुमा आ.व. २०७५/०७६ मा २६ वटा विदेशी र १६ वटा नेपाली चलचित्र/वृत्तचित्र छायाङ्कन भएका छन । विदेशी चलचित्र/वृत्तचित्र छायाङ्कनबाट ४१,३७५ अमेरिकी डलर बराबरको नेपाली रुपियाँ रु ४५,७५,३४२।२५ र नेपाली चलचित्र/वृत्तचित्र छायाङ्कनबाट रु १८०००० गरी जम्मा रु ४७,५५,३४२।२५ राजश्व संकलन भएको छ । उक्त संख्या र रकम दुवै गत आथिक वर्षको भन्दा बढि हो । २०७५ साल आश्विन २९ गते नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी चलचित्र/वृत्तचित्र छायाङ्कन शुल्क वुद्धि गरेको थियो । जस अनुसार नेपाली नागरिकलाई रु १०,०००, सार्क मुलुकका नागरिकका लागि रु ५०००० र अन्य विदेशी नागरिकका लागि १५०० युएस डलर र ड्रोन मार्फत उक्त चलचित्र/वृत्तचित्र छायाङ्कन गरेमा उल्लेखित रकमा थप २५ प्रतिशत थप लाग्ने गरी राजश्व दरमा वुद्धि गरेको थियो ।

# कोशीटप्पु वन्यजन्तु आरक्षमा हात्तीको छावाको जन्म

कोशीटप्पु वन्यजन्तु आरक्षमा रहेको वर्ष १६ की दमदमीकली नाम गरेको हात्तीबाट मिति २०७६।३।९ गते राती १०:३० बजेको समयमा पोथी छावाको जन्म भएको छ । यो समेत गरी कोशीटप्पु वन्यजन्तु आरक्षमा यस आ.व. मा दुई वटा छावाको जन्म भएको छ र यिनीहरुको स्वास्थ्य सामान्य रहेको कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयले जनाएको छ ।

## गैंडाको आक्रमणबाट मानिसको मृत्यू

२०७६ साल वैशाख १७ गते भरतपुर महानगरपालिका वडा नं. २८ मा गैंडाको आक्रमणबाट सोही स्थान निवासी ४६ वर्षीय खडेन्द्र कुमार महतोको मृत्यू भएको छ । मृतक महतोलाई २०७६ साल वैशाख १६ गते माछा मारी घर फर्कने क्रममा राती गैंडाले आक्रमण गरेको र उपचारको क्रममा चितवन मेडिकल कलेजमा मृत्यू भएको हो ।

## संरक्षित क्षेत्रमा वन्यजन्तुको मृत्यु

आ.व. ०७५/०७६ मा विभिन्न कारणले ४९९ वटा वन्यजन्तुको मृत्यू भएको छ । जसमध्ये प्राकृतिक कारणले २३५ वटा, चोरी शिकारबाट ३ वटा र अन्य कारणले २६१ वटा वन्यजन्तुको मृत्यु भएको छ। यिनीहरुमा गैंडा प्राकृतिक कारणले ४२ वटा र अन्य कारणले ७ वटा गरी ४९ वटा, बाघ प्राकृतिक कारणले ११ वटा, चोरीशिकारबाट १ वटा र अन्य कारणले ४ वटा गरी जम्मा १६ वटा, हात्ती प्राकृतिक कारणले ५ वटा र अन्य कारणले १ वटा गरी जम्मा ६ वटा, चितुवा प्राकृतिक कारणले २३ वटा र अन्य कारणले १४ वटा गरी जम्मा ३७ वटा, हिउँ चितुवा र कस्तुरी मृग अन्य कारणले ४/४ वटा गरी जम्मा ८ वटा वन्यजन्तुको मृत्यू भएको छ । यसै गरी जरायो, चित्तल, लगुना, बँदेल, घडियाल र अन्य वन्यजन्तु प्राकृतिक कारणले १५४ वटा, चोरीशिकारबाट २ वटा र अन्य कारणले २२७ गरी जम्मा ३८३ वटा वन्यजन्तुको मृत्यू भएको छ। साथै यस अवधिमा ६६१ वटा वन्यजन्तुको उद्दार गरिएको छ भने वन्यजन्तु लगायत अन्य घटनामा ३९३४ जना मानिसहरुलाई पक्राउ समेत गरिएको छ ।

## शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाह्रसिंङ्गा तथा निलगाई गणना

प्राकृतिक अवस्थामा नेपालको शुक्लाफाँटा र बर्दिया राष्ट्रिय निकुञ्जमा मात्र पाईने बाह्रसिंङ्गाको यस वर्ष शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा गणना गरिएको छ। गणना अनुसार शुक्लाफाँटामा कम्तिमा २२४६ बाह्रसिंङ्गा रहेको अनुमान गरिएको छ। जसमध्ये वयस्क भाले ३८३ वटा, वयस्क पोथी १२०८ वटा, अर्ध वयस्क भाले १३९, अर्धवयस्क पोथी ३१५ र पाठापाठी २०१ वटा रहेका छने ।

यसै गरि यस वर्ष शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा गरिएको निलगाईको गणना अनुसार शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा वयस्क भाले १६ वटा , वयस्क पोथी ४० वटा, अर्ध वयस्क भाले २ वटा, अर्धवयस्क पोथी ७ वटा र बाच्छाबाच्छी १७ वटा गरि जम्मा ८२ वटा निलगाई रहेका छन् ।

बाह्रसिंङ्गा र निलगाईको गणना २०७६ साल वैशाख १ गतेदेखि १५ गतेसम्म गरिएको थियो। गणना कार्यक्रममा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका कर्मचारीहरु, निकुञ्ज सुरक्षार्थ रहेको नेपाली सेना र राष्ट्रिय प्रकृति संरक्षण कोषका कर्मचारीहरु खटिएका थिए ।

## बाघलाई नियन्त्रणमा लिईयो

चितवन राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएको बटुकदल गणका प्युठ फैजाराज विकलाई निकुञ्जको मुख्यालयबाट १५० मिटर टाढा आक्रमण गरि गम्भिर घाइते बनाएको बाघलाई चितवन राष्ट्रिय निकुञ्जको प्राविधिक टोलीले २०७६ साल जेष्ठ १८ गते नियन्त्रण लिएको छ। नियन्त्रया पश्चात सो बाघलाई कसरा स्थित घडियाल प्रजनन् केन्द्रमा काठको खोरमा राखि सिसि क्यामराबाट बाघको गतिविधिको अध्ययन गरिएको छ ।


प्रकाशक तथा वितरकः

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

संरक्षण शिक्षा शाखा

पो.ब.नं. ८६०, काठमाडौं, नेपाल

फोनः ४२२०९१२/४२२७९२६, ४२२०८५०

फ्याक्सः ००९७७-१-४२२७६७५

ई-मेल : info@dnpwc.gov.np

वेबसाईट : www.dnpwc.gov.np